# जिल्ला समन्वय समिति महासंघ नेपाल
Association of District Coordination Committees of Nepal
(ADCCN) 2075


Ref. No.:- ६१–०७५–७६

Date :- ………………
२०७५।१२।१८

## प्रेस विज्ञप्ति

मिति २०७५ चैत्र १७ गते साँझ अचानक आएको चक्रबर्ती हावाहुरीबाट बारा र पर्सा जिल्लाका भलुही, परैनिया परसौन, विजयनिया साथै पर्साको वीरगञ्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा विनासकारी हावाहुरीबाट हालसम्म २७ जनाको मृत्यु भइसकेको र पाँच सय भन्दा बढी घाइते भएको खबरबाट जिल्ला समन्वय समिति महासंघ नेपाल स्तब्ध भएको छ । हावाहुरीका कारण ईटाभट्टा भत्केर, विजुलीका पोल ढलेर, गुडीरहेका सवारी साधन पल्टेर र घर भत्केर भएको यस अकल्पनीय त्रासदीमा परी ज्यान गुमाउनेहरुप्रति महासंघ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै मृतकहरुका परिवारमा परेको अकल्पनीय पिडा प्रति गहिरो समवेदना साथै उपचारार्थ घाइतेहरुप्रती शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

यस दुःखद घडिमा नेपाल सरकार, प्रदेश सरकार सबैको साथ र सहयोगको आवश्यकता छ । पीडितहरुलाई राहत र क्षतिपुर्तिका साथै घाइतेहरुको उपचारका लागि कुनै कसर बाँकी नराख्न सरकारलाई अनुरोध गर्दछौं ।

.........................................
सीता कुमारी सुन्दास
अध्यक्ष


पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७–१–५५४८४६९
Mailing Address:– Sanepa Mode, Lalitpur, Nepal, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np